थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७३

## तरकारी, जडीबुटी, कबाडी र जीवजन्तु निकासी कर उठाउनका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।११।१५)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ११ (घ) मा व्यवस्था भए बमोजिम र थाहा नगर कार्यपालिकाको मिति २०८१।११।१२ गतेको निर्णयानुसार थाहा नगरपालिकाबाट बाहिर जाने तरकारी, जडीबुटी, कबाडी र जीवजन्तु लगाएत थाहा नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको निकासीजन्य बस्तुहरुको कर लगाई आन्तरिक आय संकलनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसील बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| क्र.स. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | न्युनतम ठेक्का रकम (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | ३/२०८१/०८२<br>Rev/Thaha/03\|081\|082 | तरकारी, जडीबुटी, कवाडी र जीवजन्तु निकासी कर | ५१,४६,९००।- (एकाउन्न लाख छयालिस हजार नौ सय मात्र) | कबोल अंकको ५% | ३०००।०० |

शर्तहरु :

१) शिलबन्दी बोलपत्र विद्युतीय माध्यमबाट मात्र खरीद गर्न सकिनेछ । कार्यालयबाट कुनै पनि बोलपत्र फाराम बिक्रि हुने छैन । विद्युतीय माध्यमबाट बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्नेछ ।

२) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापतको रकम नगदै कृषि विकास बैंक शाखा कार्यालय शिखरकोटको खाता नं. ०५०८४०११५५७३८१२१ र राजश्व शीर्षक १४२४९ (फिर्ता नहुने गरी) मा जम्मा गरी जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गर्नु पर्नेछ।

सुरेन्द्र प्रधान
प्रमुख प्रशासकीय अधिकृत

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चित्रलेखायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७३

३) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कबोल गरेको अंकको ५% को दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक पालुङ शाखामा रहेको धरौटी खाता नं. ०५०८४०११५५७३८०३० मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा कम्तीमा ९० दिन म्याद भएको बैंक जमानीपत्र (बिड बण्ड) संलग्न गरी रीतपूर्वक अपलोड गर्न सकिनेछ ।

४) खरीद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताहरुले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

५) एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने ३१ औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस थाहा नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

७) प्रि-बिड बैठक २०८१।१२।३ गते दिनको १:०० बजे कार्यालयको सभाहलमा हुनेछ । सो बैठकमा इच्छुक बोलपत्रदाताहरु सहभागी भई बोलपत्रको बारेमा विस्तृत जानकारी लिन सक्नु हुनेछ । उक्त बैठकमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बैठक सञ्चालनमा कुनै बाधा पर्ने छैन ।

८) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत १०% (दस प्रतिशत) ले हुन आउने रकम सम्झौताका बखत अनिवार्य बुझाउनुपर्नेछ ।दोस्रो किस्ता बापत ३०% (तीस प्रतिशत) ले हुन आउने रकम असोज महिनामा र तेस्रो किस्ता बापत ६०% (साठी प्रतिशत) ले हुन आउने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त कृषि विकास बैंकबाट यस कार्यालयको नाममा २०८२ साल माघ मसान्त भित्र म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स

सुरेन्द्र प्रधान
प्रमुख प्रशासकीय अधिकृत

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय इन्द्रायणी चौर, मकवानपुर वागमती प्रदेश, नेपाल २०७३

बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ ।साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

९) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार फर्म वा कम्पनीलाई कालोसुचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालयलाई सिफारिस गरिनेछ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट www.thahamun.gov.np मा समेत हेर्न सकिनेछ ।)

सुरेन्द्र प्रधान
प्रमुख प्रशासकीय अधिकृत